# गोरखाको इतिहासमा पालुङ्टारको महत्त्व

**उपप्रा. रामशरण बानियाँ**
गोरखा क्याम्पस, गोरखा
इमेल :ramsharan.baniya@gc.tu.edu.np

## *लेखसार*

*गोरखाको इतिहासमा पालुङ्टारको महत्त्व बताउने क्रममा गोरखा जिल्लाको परिचय, गोरखाको नामकरण, जिल्ला हिमाल, पहाड र टारमा विभाजन, चेपे नदीको ऐतिहासिक महत्त्व, नदीको नामकरण सम्बन्धी तथा राजा छान्ने अनौठो चलन, राजा यशोब्रह्म शाह तथा दुई रानीहरुको बारेमा वर्णन तथा चम्पावती पुत्र प्राप्ति, दान धर्म, गौदान सम्बन्धी वर्णन तथा लिगलिग कोटका सामरिक एवम् ऐतिहासिक महत्त्वको बारेमा र चेपे किनारमा सिमाना सम्बन्धी सन्धि साथै थुमहरुको वर्णन तथा द्रव्य शाहले जालझेल गरी गोरखा राज्य स्थापना सहित पालुङ्टारको नामकरण आदिको बारेमा वर्णन गर्ने जमर्को गरिएको छ ।*

***शब्दकुञ्जी :*** पुरातात्विक, अपभ्रंस, खुर्पाजङ्ग, गौचरन, चम्पावती, भक्तजन, तपोभूमि ।

## परिचय

गोरखाको इतिहासमा पालुङ्टारको महत्त्वको वर्णन गर्नुपूर्व गोरखाको परिचय दिनु सान्दर्भिक देखिन्छ । ऋषिमुनिहरुको तपोभूमि तथा नेपालको गर्बिलो इतिहास बोकेको धार्मिक, पुरातात्विक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय महत्त्व बोकेको, एकीकरण गर्ने राजा पृथ्वी नारायण शाह तथा न्यायका मूर्ति राम शाह जस्ता व्यक्तित्व जन्माउने जिल्ला, गाईको रक्षा गर्ने गोरक्षा भन्दा भन्दै उक्त शब्द अपभ्रंस भई गोरखा नाम रहेको जिल्ला, हिमाल, पहाड र टार आदिमा विभक्त जिल्ला गोरखामा एक ऐतिहासिक महत्त्व बोकेको स्थान पालुङ्टार पर्दछ । गोरखा जिल्लामा रहेका विभिन्न नगरपालिकामध्ये एक नगरपालिकाको रूपमा हाल पालुङ्टार नगरपालिका रहेको छ ।

## अध्ययन विधि

यो अध्ययन पुस्तकालयीय अध्ययन विधिमा आधारित छ । अध्ययनमा गोरखा जिल्लाको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक वस्तुस्थिति र यस अन्तर्गतको एउटा नगरपालिकाको रूपमा रहेको पालुङ्टार नगरपालिकाको बारेमा प्राप्त सूचना, तथ्य, जानकारी आलेक, पुस्तक तथा पत्रपत्रिकाहरूको अध्ययन गरेर आवश्यक तथ्याङ्क सङ्कलन गरिउको छ । प्राप्त सूचना तथा

तथ्यहरूलाई पालुङ्टारको परिचय, मौलिक विशेषता, सामाजिक सांस्कृतिक आधारहरू यसअन्तर्गत पर्ने समग्र क्षेत्रको वस्तुस्थितिको विश्लेषण गरिएको छ। पूर्णतयाः द्वितीय स्रोतको तथ्याङ्कमा आधारित रहेर ऐतिहासिक अध्ययनको ढाँचा अपनाई प्रस्तुतीकरण गरिएकोछ छ।

## परिणाम र छलफल

पालुङ्टारको इतिहास खोज्नुभन्दा पहिला चेपे मर्स्याङ्दी दोभानको खोजी गर्नु पर्ने देखिन्छ। गोरखामा द्रव्य शाहको शासन अगाडि उनका पिता यशोब्रह्म शाहले शासन गरेका थिए (योगी र ढकाल, २०१२)। स्थानीयवासीहरु गाउँको शासन गर्ने हर्ताकर्ता मुखिया छान्नुपर्दा विजया दशमीको दिनमा लिगलिगकोट भन्दा केही तल चामा (चापा) भञ्ज्याङबाट खुर्पाजङसम्म दौडिएर माथि पुग्ने र प्रतियोगितामा प्रथम हुने व्यक्ति मुखिया हुने घले परम्परा थियो।

लमजुङका राजा यशोब्रह्म शाहका वशन्तावती र चम्पावती नाम गरेका दुई रानीहरु थिए। जेठी रानीको कोखबाट नरपति शाह र नरहरि शाह जन्मिएका थिए भने कान्छी रानीबाट धेरै समय सन्तान भएनन्। एक दिन कान्छी रानीले राजा खुशी भएको बेला मैले छोरा जन्माए भने कहाँको राज्य मिल्ला भनी प्रश्न गर्दा गोरखाको राज्य दिलाउने कबोल गरे पश्चात् छोरा जन्माउनका लागि पूजा आजा, दानधर्म तथा ब्रत गर्ने क्रममा गोरखा गई माझकोटमा रहेको गोरखकाली भगवती र सिद्धबाबा गोरखनाथको शास्त्रीय विधिद्वारा पूजा आराधना गरी दर्शन गरी पुत्र प्राप्त होस् भनी वरदान मागी गोरखाबाट फर्कने क्रममा लिगलिग कोटबाट पश्चिमतर्फ चेपे नदीमा दुध बगेको देखिएकाले त्यस पुन्य स्थलमा (चेपे तटमा) मन्दिर बनाई गौचरनका लागि जग्गा छुट्टयाई १०८ गाई दान गरिन् र उक्त गौचरन स्थानको ठुलो टार नामकरण गरी आवाद गर्न नपाइने बताई आफू लम्जुङ दरबारतर्फ फर्किइन्। कालान्तरमा त्यो ठुलो टारको जमिन अर्थात् चौर गाईचरन अर्थात् गौचरनको रूपमा स्थानको नाम पालुङ्टार रहन गयो भने यसरी धर्म कर्मबाट फुर्किएकी रानीले १०८ गाई दान गरी उक्त गाईको चरनका लागि ठुलो चौरमा नुन छरी खेती गर्न नदिई गौचरन छुट्ट्याएकाले उनको नाम चम्पावती रह्यो भने नदीको नाम चापको रुखको फेदबाट बगेकाले चापे नदी भन्दाभन्दै चेपे रहन गयो। उक्त स्थानमा च्यवन ऋषिको आश्रम हुँदा उक्त तपोभूमिबाट बगेकाले चेपेलाई मानिँदै आए पनि यस नदीलाई यथार्थ रूपमा चम्पावती नामले चिनिने ऐतिहासिक दस्तावेजले प्रस्ट पार्दछन् (योगी र ढकाल, २०१२)।

यसै चम्पावती नदीको तटमा निर्माण गरिएको शिवालयको मन्दिर इँटको गाऱ्हो तथा झिंगटीको छाना भएको गोरखकाली भगवती मन्दिरको जस्तै देखिन्छ। भक्तजनहरुलाई वसोवास गर्न सजिलो होस् भन्ने हेतुले सत्तल पाटी अर्थात् धर्मशाला शिव मन्दिरको आसपास निर्माण गरिएको पाइन्छ। यी सबै कार्यहरु १०८ गाई दान, (शिवलाई चढाउन) ब्राह्मणलाई जग्गादान, गौचरन विर्ता विष्णु मन्दिर, जलाशयमा राखिएका मृत्युका नजिक पुगेका व्यक्तिहरुको कुरुवा बस्ने ठाँटी आदि निर्माण, सबैको जप तप, दान धर्म, पूजाआजाको उद्देश्य रानीका लागि पुत्र प्राप्ति नै थियो। उक्त क्रियाकलापको प्रभावले नभन्दै एक वर्ष पनि नपुग्दै यशोब्रह्म शाहकी कान्छी

रानीलाई पुत्र लाभ भयो। उक्त पुत्रको नाम द्रव्य शाह राखियो अर्थात् वि.सं. १५९५-९६ मा द्रव्य शाहको जन्म लमजुङ राज्यमा भयो। वि.सं. १५९५-९६ भनी स्पष्ट किटान इतिहासमा प्रमाणिक रूपमा नपाइए पनि द्रव्य शाह गोरखामा राजा बन्दा २० वर्ष उमेर भइ सकेका हुँदा कालक्रमलाई मानकको रूपमा लिइएको छ।

हालको पालुङ्टार भन्ने ठाउँमा राजा रानीले निर्माण गरेको ठुलो बगैँचामा पालुङ्गो साग समेत उम्रेकाले त्यसैको नामबाट पालुङ्टार नाम रहेको जनश्रुति पनि पाइन्छ। यसका साथै यस ठाउँको नाम विभिन्न नामहरुबाट पनि चिनिन्थ्यो। जस्तै : ठुलाटार, पालमटार, लामाटार, लामा पालुङ्टार आदि।

पालुङ्टार गोरखाको प्रसिद्ध ऐतिहासिक कोट लिगलिगको पश्चिमी दिशामा पर्दछ। यो टार सुख्खा टार हो अर्थात् यसमा पानी पर्याप्त मात्रामा छैन। यहाँ राजा छान्ने अनौठो परम्परा रहेको थियो। विजया दशमीको दिन दौड प्रतियोगिता हुन्थ्यो र हरेक वर्ष राजा बन्नका लागि आफ्ना तिघ्रामा तेल घसेर पोषिलो खाना खाई दौडका लागि मानिसहरु तयार हुन्थे। यसै क्रममा द्रव्य शाह पनि दौड प्रतियोगितामा सामेल हुँदा ठुला ठुला तिघ्रा जिउडाल भएका घलेहरुले एउटा झुसे व्यक्तिलाई पत्याएन र दौडमा सहभागी गराए तर द्रव्य शाहको छलकपट घलेहरुले अड्कल समेत गर्न सकेनन्। अतः कोट नपुग्दै चम्पा भञ्ज्याङ खोल्ली पोखरीबाट शुरु भएको दौडमा दौडाहाहरु माथि लुकाइ राखिएको सेनाद्वारा महिबलभन्दा तल आक्रमण गरियो। घलेहरु बिना हातहतियार निशस्त्र दौडिन्थे। केहीबेर पाच्यान भन्ने ठाउँ आँपपिपल नजिक युद्ध भयो जसमा द्रव्य शाहको जीत भई लिगलिगकोट द्रव्य शाहको अधिनमा पऱ्यो (पन्त, २०४१)।

यसरी द्रव्य शाहले लिगलिगकोट विजय (वि.सं. १६१६-१६२७) गरेपछि सोही वर्षको दोस्रो प्रयासमा १६१६ भाद्र २५ गतेका दिन गोरखाका खड्का थर भएका मगर राना मानसिंह खड्कालाई गोर्खालीहरुकै सहयोगमा अपदस्त गरी शाहवंशीय शासनको श्री गणेश गरेको व्यहोरा इतिहास साक्षी छ भने उता यस समयमा राजा यशोब्रह्म शाहकी जेठी रानी पट्टिबाट जन्मिएका दुई भाई छोरा मध्ये नरहरि शाह पिताको मृत्युपछि लमजुङका राजा भई बसेका थिए र लमजुङ राज्य अन्तर्गत मनाङ लार्के भञ्ज्याङ, च्याङ्गा जस्ता ठाउँहरु पर्ने हुँदा र सगोलमा हुँदा नै आर्जिएको सम्पत्ति वा राज्य हुँदा गोरखाप्रति नरहरि शाहको गिद्धे दृष्टि पर्न गयो भने द्रव्य शाह गोरखा राज्य कब्जा म आफ्नै बाहुबलद्वारा आर्जेकाले दाजुको यसमा केही लगानी तथा देन छैन भनी दुई भाइबिच मनमुटाव बढ्दै गयो। गोरखा स्वतन्त्र राज्य भएको, लमजुङबाट पृथक् भएको मान्न नचाहने नरहरि शाहले आफ्ना भाइ नरपतिलाई समेत राज्य विद्रोहको आरोप लगाउँदै हत्या गरेका हुँदा यो रोग द्रव्य शाहमा पनि सर्ने सम्भावनाले चिन्तित भइरहेको बेला नरपति शाहको हत्यालाई मध्यनजर गरी गोरखा र लमजुङ राज्यबिचको सिमाना निश्चित पारिदिने अर्थात् आफ्नो जीवनपछि दाजु भाइमा झगडा नहोस् भनी दुई राज्यका भद्र भलाद्मी, राज प्रतिनिधिहरु जम्मा गरी चेपे नदीलाई मूल सिमाना बनाई चेपे नदी र मर्स्याङ्दीमा चक्रबाँध बनाई दुध धारा बगाई तिमीहरु यही दुध खाएर यत्तिको भयौ अब दुधको मानितो

राख्ने कबोल गर्न द्रव्य शाहकी आमा चम्पावतीले लगाएकी थिइन् । कसैले स्तन पनि नदीको पानीमा चोबलिन् भनेको पाइन्छ। जे होस् यसलाई गोरखा वंशावलीले लमजुङ र गोरखाबिचको पहिलो सीमा सन्धि भनेको पाइन्छ (गोरखा वंशावली, २०४४) ।

जब गोरखा र लमजुङबिच सीमा सन्धि भयो, त्यसपछि गोरखामा आफ्ना समर्थक भारदारहरुको सल्लाहमा राज्य विस्तार गर्ने क्रममा गणेश पाण्डेको नेतृत्वमा सिञ्हानचोक बिजय पश्चात् सिमाना तिब्बत रह्यो र क्रमशः अजिरगढ पनि गोरखाको कब्जामा परेपछि नरहरि शाहले अब गोरखाले आफूलाई पनि बाँकी नराख्ने ठानी अर्थात् गोरखाको राज्य विस्तारसँग डराई छलकपटद्वारा द्रव्य शाहलाई षड्यन्त्रमा पारी छलकपछद्वारा मार्ने परिपञ्च मिलाई चेपे घाटमा बुबाको (यशोब्रह्म शाह) श्राद्ध दुवै भाइले संयुक्त गर्ने व्यहोराको पत्र पठाई विना हतियार आउने मन्जुरी समेत गराए पनि आफूले चाहिँ बालुवामुनि हतियार लुकाएर राखे । दुवै भाइ भक्तिपूर्वक पितृ श्राद्ध सिध्याई खाना खाने क्रममा हात खुट्टा धुन लोहटामा पानी दिने क्रममा धाइआमाकी छोरीले द्रव्य शाहलाई भाग्ने इशारा गरे पश्चात् दिसा बस्न जाने निउ पारी धोतीधरो लगाएकै अवस्थामा कुलेलम ठोकी चेपे नदी तरी पालुङ्टारको बाटो हुँदै गोरखा आइ पुगे । उनलाई पच्छ्याउने सेनालाई गुरुङहरुले लखेटी दिएपछि लिगलिग कोटमा उमराउ साथ ठाना राखियो ।

द्रव्य शाहले चालेको कदम पुरा गर्न तथा गोरखा राज्यलाई बलियो किल्लाद्वारा संरक्षण गर्न रामशाहले वि.सं. १६७७ मा सात थुम निर्माण गरे । जुन यस प्रकार छन्ः लिगलिगथुम, हर्मीथुम, लकाङथुम, मिर्कोटथुम, देउरालीथुम, धुवाकोटथुम र च्याङ्लीथुम ।

उक्त ठाउँहरुमा प्रशासनिक एकाइ गठन गरियो । ७ वटै थुममा सेनापति (उमराव) राखिने व्यवस्था गरियो । यसरी व्यवस्था गरिएको सात थुम मध्येमा लिगलिगथुम प्रमुख  मानियो । यस अन्तर्गत ठाँटीपोखरी, पालुङ्टार, मालती गैऱ्हा, गाईखुर, लुइटेल जस्ता प्रमुख बस्तीहरु पर्दछन् । द्रव्य शाहले लिगलिग लगायत पालुङ्टार क्षेत्र कब्जा गरेपछि गोरखामाथि आफ्नो अधिकार विस्तार गरेका थिए (गोरखा वंशावली, २०४४ ।

लिगलिग कोटमा द्रव्य शाहले दरबार निर्माण गरी हतियार राख्ने ठाउँ अर्थात् बन्दुक राख्ने प्वालहरु र चारैतिर शत्रुलाई नियाल्ने पाँच वटा गढीहरु निर्माण गर्न लगाए (पन्त,  २०४१) । मौलाको वरिपरि चारैतिर पर्खाल लगाई बन्दुक राख्ने प्वालहरु राखिएकाले यसलाई मेसिनकोट र देवीको मन्दिरलाई द्रव्य देवी भनियो । केही समयपछि लिगलिगकोट लमजुङले कब्जा गऱ्यो । पूर्ण शाहले पुनः लिगलिग कोटलाई गोरखा राज्यमा गाभे । पालुङ्टार पनि लिगलिग राज्य अन्तर्गत नै पर्दथ्यो ।

द्रव्य शाहकै समयदेखि पालुङ्टार लिगलिगमा विद्याको विकास भएको व्यहोरा वि.सं. १७१२ को हितोपदेश पुस्तकमा उल्लेख भएको पाइन्छ। वि.सं. १७३० मा रुद्र शाहको शासनकालमा मूलकोट (लिगलिग कोट अन्तर्गतको एउटा कोट) मा ढुङ्गाको खापाको रूपमा एउटा शिलालेख प्राप्त भएको पाइन्छ (पन्त, २०४१) ।

वि.सं. १७४६ मा पृथ्वीपति शाहको कार्यकालमा गोरखाका महत्त्वपूर्ण थुमहरु लिगलिग, मिर्कोट, देउराली, लकाङ र धुवाकोटलाई लमजुङले आफ्नो कब्जामा लियो। ९ वर्षपछि लमजुङे सेना फिर्ता गर्न गोरखा सफल भयो। पुनः लमजुङले उक्त क्षेत्र जितेकामा रण दुर्लभ शाहले गोरखा पुनः कुटनीतिक चालबाट फिर्ता गरे (पन्त, २०४१)।

जब पृथ्वीपति शाह गोरखामा राजा भए त्यसपछि बाइसी चौबिसी संयुक्त सेनाले अजिरगढ, सिमजुङ र बारपाक कब्जा गरे। १०/१२ दिन गोर्खाली सेनाहरु घेरामा पारे र रसद पानीको अभावमा भोकभोकै परि रहेको अवस्था चन्द्रशेखर पाण्डे र सरदार रणरुद्र शाहका पत्नीहरुले भरिया लगाई बोकेर २ मुरी सिरौँला चामल र १० पाथी खुँदो मालति गैऱ्हा, ठाँटी पोखरी र पालुङ्टार पठाई रातको समयमा भोक मेटाउने काम भयो। यसरी आफ्नो भोक तिर्खा मेटाएपछि संयुक्त फौजलाई पराजय गरी चेपे मर्स्याङ्दीसम्म सिमाना कायम गर्न सफल भए।

अतः माथिको विवरणबाट पालुङ्टारमा धानखेती तथा उखु खेती प्रशस्त गरिने कुरा माथिको खुँदो र सिरौँलाले प्रस्ट पार्दछ।

लिगलिगको सामरिक महत्त्व र उर्वर भूमिको नाताले पटक पटक गिद्धे दृष्टि लगाई गोर्खालीलाई हताहत तुल्याई लमजुङले हताहत बनाएको कुरा इतिहास साक्षी छ। यसरी हताहत बनाउने क्रममा वि.सं. १७८८ मा तनहुँ, लमजुङको नेतृत्वमा चौबिसी राज्यको संयुक्त फौजले धुवाकोट, देउराली र च्याङ्लीमा एकैचोटि तिनतिरबाट हमला गऱ्यो तर गोर्खाली जनताले लखेटेपछि स्यावासी तथा पगरी दिइएको थियो। गोर्खालीहरुले संयुक्त सेनाद्वारा पालुङ्टार, धुवाकोट तथा देउरालीको रक्षा गरेको बुझिन्छ (उपाध्याय, २०५८)।

गोरखाका राजाहरुलाई लिगलिगका बासिन्दामाथि बढी विश्वास गरिन्छ किनकि १७७४ को अन्त्यतिर मकवानपुरबाट पृथ्वी नारायण शाह चन्द्रागिरि हुँदै फर्कने क्रममा त्यहाँ विश्राम लिँदै मैदी जम्मा गराई सल्लाह लिँदा लिगलिग निवासी उत्साहित देखिए तथा सैन्य तालिमका लागि समेत छनोट भएको पाइन्छ। उक्त घटनाबाट पृथ्वी नारायण शाह धेरै खुशी भएका थिए (लम्साल, २०२३)। पृथ्वी नारायण शाह र रिपुमर्दन शाहको भेटघाट कालु पाण्डेले सन्धि गर्न सफल स्थान कालु पाण्डेलाई काजी पद ग्रहण गरेको स्थान भएकाले चेपेघाट तथा पालुङ्टारको ऐतिहासिक महत्त्व रहेको छ (पन्त, २०४१)। बैरी लघार्ने क्रममा पालुङ्टारबाट घरको एक सदस्य सामेल हुनु पर्ने चलन थियो। द्रव्य शाहको समयदेखि विश्वासिला मानिने लिगलिगे जनताले तामाङ राजाले रामशाहलाई सताई विद्रोह गर्दा समेत साथ दिएका थिए। उक्त कार्य राजा नरभुपालको समयमा दोहोरियो। लिगलिगमा सैन्य सङ्गठन गरी बस्नेहरुमा रणजित बस्न्यात, मानसिंह रोकाया र वीरभद्र पाठक अगाडि रहेको पाइन्छ (पन्त, २०४१)। यसरी गोरखा राज्यको संवृद्धि, सुरक्षा र विजय अभियान सहित एकीकरणको क्रममा लिगलिग तथा पालुङ्टारको महत्त्व रहेको पाइन्छ।

भट्टराई थर भएका ब्राह्मणहरुले पालुङ्टारमा एउटा काठको खम्बा हावादार ठाँटी र विशाल जलाशय निर्माण गराएका थिए । कुमालहरुलाई गोरखाली राजाहरुले मठ मन्दिर, आवश्यक सामग्री, भाँडाकुँडाहरु, घडा, घैंटा, भुँड्का, कलश, पाला, घ्याम्पा, गमला, कोसी, आरी, गजुर, झिँगटी, बाँटा तथा ठेकी जस्ता माटोका कला निर्माणका लागि लालमोहर घरजग्गा र मटकिल्लो सहित विर्ताको अधिकार दिएको पाइन्छ ।

ठाटी पोखरीमा चाँपको फल्याकद्वारा निर्मित ठाँटीमा पूर्व पश्चिम आउजाउ गर्ने यात्रीहरु बस्थे । पालुङ्टार गाउँ हाल तिन वटा टारमा विभाजन गरिएको छ । हिरामणि टार, ठुलो टार र सापकोटा टार । ठाँटी पोखरी २५ ह ५० हात लम्बाइ चौडाइमा फैलिएको छ । पोखरीको बिचमा मौला गाडिएको छ ।

## निष्कर्ष

पहाड, हिमाल र टारमा विभक्त गोरखा जिल्लामा रहेका २ नगरपालिका मध्येको पालुङ्टार नगरपालिका अर्थात् पालुङ्टारको गोरखाको शाहवंशीय इतिहासमा ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको स्थान मध्ये एक स्थानमा पालुङ्टार पर्दछ । यसको नाम कसरी रह्यो भन्ने जनश्रुतिहरुमा चम्वावतीले बनाएको बगैँचामा पालुङ्गो भन्ने साग बढी मात्रामा उत्पादन हुने हुनाले पालुङ र फराकिलो समथर जग्गा भएकाले पालुङटार नाम रहन गयो भन्ने प्रचलन छ । यस ठाउँ लिगलिगकोट अन्तर्गत पर्ने भएकोले यसको छुट्टै आफ्नो ऐतिहासिक पाटो छ । यहाँ घले राजाहरुको विजया दशमीका दिन राजा छान्ने अनौठो परम्परार्थ चेपे किनारमा जम्मा भई दौड प्रतियोगिताद्वारा राजा मुखिया छान्ने प्रचलन अनुसार राजा द्रव्य शाहले छलछाम गरी हतियार लुकाई निशस्त्र दौड गर्ने चलनमा घात प्रतिघात गरी राज्य आफ्नो हातमा पारे । राज्य लिगलिगकोट र गोरखा राज्यतर्फ अगाडि बढेको पाइन्छ भने यशोब्रह्म शाहकी रानीले पुत्र प्राप्त गर्नका लागि कालिका भगवति र गोरखनाथ बाबाको पूजाआजा गरेर फर्कने क्रममा चेपेमा दुधको धारा देख्नु र त्यस भूमिमा मन्दिर बनाई १०८ गाई दान गरेर जग्गा विर्ता अर्थात् आवादी गर्न नदिई गौचरन राख्ने उक्त टारको नाम ठुलो टार नामकरण भयो ।

यो टार प्रसिद्ध लिगलिगको कोटको पश्चिम दिशामा पर्दछ । राजा द्रव्य शाहले लिगलिग कोट विजय पश्चात् गोरखावासीहरुकै सहयोगमा वि.सं. १६१६ भाद्र २५ मा मानसिंह खड्का र मगर थरका राजालाई युद्धमा हराई आफू राजा भएपछि दाजु नरहरि शाह र द्रव्य शाहबिच मनमुटाव भई द्रव्य शाहलाई मार्ने षड्यन्त्र हुँदा पिताको श्राद्ध सिध्याई खाना खान हातगोडा धुन लोहोटा लिई जाँदा धाइआमाकी छोरीबाट पोल खुलेपछि धोतीकै पहिरनमा गोरखा कुलेलम ठोकी ज्यान जोगाउनुपूर्व यशोब्रह्म शाहकी रानीले चेपेमा आफ्नो स्तन चोबलेर गोरखा र लमजुङबिच सीमा सन्धि गरे पनि गोरखाप्रति नरहरी शाहको गिद्धे दृष्टि रहि रह्यो । गोरखा राज्यमा बाइसी चौबिसी राज्यबाट पटक पटक हमला हुन थालेपछि रामशाहले वि.सं. १६७७ मा सात थुम र बलियो किल्ला बनाई सेनापति उमराव राखी संरक्षण गरे ।

यसरी निर्माण गरिएका ७ थुम मध्ये लिगलिगकोट सामरिक तथा ऐतिहासिक दृष्टिले प्रमुख थुम थियो । चारैतिर पर्खाललले घेरी बन्दुक राख्ने प्वाल पर्खालमा थिए । चौबिसी र बाइसी राज्यको संयुक्त फौजले बारपाक, अजिरगढ र सिमजुङ कब्जा गरी घेरामा पार्दा २ मुरी सिरौँला चामल, १० पाथी खुँदो लगी भोक टारेपछि शत्रु पक्षलाई लखेटी चेपे मर्स्याङ्दीसम्म सिमाना कायम भयो ।

यस विवरणबाट पालुङ्टारको जमिन उर्वरा भएको र धान तथा उखु प्रशस्तै उत्पादन हुने हुँदा आर्थिक दृष्टिले पनि महत्त्वपूर्ण देखिन्छ ।

गोरखा राज्यका शत्रुसँग पटक पटक भिडन्त गरी तिनीहरुलाई लखेट्ने काम पालुङ्टारे जनताले गरेबाट शाह वंशीय राजाहरुले यहाँका जनताप्रति विश्वास गरेको भनाइ समेत पाइन्छ र यिनीहरुलाई सैन्य तालिममा समेत छनोट गरिएका प्रमाणहरु पाइन्छन् । यसरी गोरखा राज्यको संवृद्धि, सुरक्षा र विजय अभियान एवम् एकीकरणको अभियानमा पालुङ्टारको महत्त्व रहेको पाइन्छ ।

## सन्दर्भ सूची


उपाध्याय, राम प्रसाद (२०५८), *गण्डकी अञ्चलमा शैक्षिक परम्परा र प्रवृत्ति,* काठमाडौँ : दण्डपाणि अर्याल स्मृति केन्द्र ।

गोरखा वंशावली (२०४४), *प्राचीन नेपाल,* काठमाडौँ : पुरातत्व विभाग ।

पन्त, नयराज र अन्य (२०२५), *श्री ५ पृथ्वीनारायण शाहको उपदेश,* काठमाडौँ : जगदम्बा प्रकाशन ।

पन्त, दिनेश राज (२०४१), *गोरखाको इतिहास,* काठमाडौँ : दिनेश राज पन्त ।

योगी, नरहरि नाथ र ढकाल, जनक लाल (२०१२), *"वंशावली" इतिहास,* काठमाडौँ : इतिहास प्रकाशक सङ्घ ।

लम्साल, देवी प्रसाद (२०२३), *भाषा वंशावली,* काठमाडौँ : पुरातत्व विभाग ।